# भूकम्प सुरक्षा स्मारकको बारेमा संक्षिप्त जानकारी
## (Brief Note on Earthquake Safety Monument)

ललितपुर जिल्ला, सैंबु गा.वि.स. - ४, भैंसेपाटीमा भूकम्प प्रविधि राष्ट्रिय समाज नेपालको केन्द्रिय कार्यालय अवस्थित रहेको भूकम्प अध्ययन सामुदायिक केन्द्र परिसरमा “भूकम्प सुरक्षा स्मारक” स्थापना गरिएको छ । सन २०२० सम्म नेपाली समुदायलाई भूकम्पीय जोखिमबाट सुरक्षित बनाउने दृष्टिकोणसहित भूकम्पीय जोखिम ब्यबस्थापनका क्षेत्रमा संस्थागत रुपमा विगत १७ बर्षदेखि निरन्तर कियाशील यस समाजको दीर्घकालीन लक्ष्य, उद्धेश्य र प्रयत्नहरु प्रतिबिम्बित हुने गरी यस स्मारकको निर्माण गरिएको छ । भूकम्प प्रविधि राष्ट्रिय समाज नेपालको १७औं वार्षिकोत्सवको पुनीत अवसरमा मिति २०६७ आषाढ ४ तदनुसार जुन १८, २०१० मा आयोजित विशेष समारोहबीच समाजका अध्यक्ष श्री शिव बहादुर प्रधानाङ्गले उक्त स्मारकको अनावरण गर्नुभयो ।

हल्का रातो सिगंमरमर (Marble) “ढुंगा” कुँदेर अर्धयथार्थवादी (Semirealistic) कलाशैलीमा तयार पारिएको यस स्मारकको मूल सन्देश “भूकम्पनम्- प्रज्ञोपायम् लाभम्” अर्थात “भूकम्पले निम्त्याउन सक्ने विनाशलाई मानिसको बुद्धि, अध्ययन र उपाय ( प्रज्ञोपाय) द्वारा घटाउन सकिन्छ” भन्ने रहेको छ ।

यसमा प्रमुख रुपमा एउटा मानवाकृति देखिन्छ, दायाँ भागमा पुरुष र बायाँ भागमा स्त्री । यसको टाउको मानिसकै जस्तो भएपनि शरीर भने एउटा घरको रुपमा देखाइएको छ । घरको छतमा दुवै हात अड्याएर केही तलको भागमा पुस्तक छ र आकृतिले पुस्तकबाट चिन्तन मनन् गरेजस्तो देखाइएको छ । पुस्तकमाथि प्रज्ञा र उपायको प्रतीक षट्कोण छ । घरलाई तल जगमा ठूलो र माथि अलि सानो हुँदै गएको अर्थात लगभग पिरामिड आकारमा बनाइएको छ । यसो भएमा घर वा कुनैपनि संरचना कम्पनको बेला हत्पत्ति भत्कदैन । यसको सबभन्दा तलको आधार जमिन (पृथ्वी) रहेको छ । यसलाई भूकम्पले तरंगित गरेजस्तो गरी तलमाथि नागबेली बनाइएको छ । यो तरंगलाई रेखाद्वारा घरको माथिसम्म पुऱ्याइएको छ ।



### स्मारकका प्रमुख विशेषताहरु

**कलाशैली** : यस स्मारकमा कुँदिएका आकृतिहरु ज्यामितीय आकारमा विभिन्न बिम्ब झल्कने गरी अर्धयथार्थवादी (Semirealistic) शैलीमा बनाइएका छन ।
**माध्यम** : हल्का रातो सिगंमरमर (Marble) “ढुंगा”
**प्रविधि** : कुँदाइ (Carving)
**आकार** : उचाइ ५२”, चौडाइ ३०” र मोटाइ ३०”
**स्मारकको मूल सन्देश** : “भूकम्पनम् प्रज्ञोपायम् लाभम्”

उक्त कलात्मक सृजनकार्य ख्यातिप्राप्त मूर्तिकार पृथ्वीनारायण श्रेष्ठले गर्नुभएको हो ।

**Earthquake Safety Monument** has been established in the premises of Community Earthquake Learning Center (CELC), Sainbu-4, Bhainsepati location of Lalitpur district where National Society for Earthquake Technology – Nepal (NSET) headquarters reside. On 18th June 2010, amid a special gathering to celebrate very auspicious occasion of 17th NSET Day, NSET President Mr. Shiva B. Pradhanang unveiled the monument.

### Key features of Monument

Sculpture: Semi-realistic sculpture with different Geometrical shapes carved to symbolize subjected theme of earthquake safety

Medium : faint-red marble (stone)
Technique : Carving
Size : Height-52”, Breadth-30” and Thickness-30”
Message : BHOOKAMPANAM - PRAGYOPAYAM LABHAM (in Sanskrit) that means “Possible devastations due to earthquake disasters can be reduced by human wisdom, studies and remedial methods”

This monument was carved by well-known Sculptor Mr. Prithvi Narayan Shrestha.